REGIONAL NEWS UNIT

आकाशवाणी गान्तोक

BROADCAST: 18:40hrs DATE: 20.12.2025

**महामहिम राज्यपाल तथा मुख्यमन्त्री तामाङले दिनुभयो सिक्किमेली जनगणलाई लोसुङ र नामसुङ पर्वको शुभकामना**

सिक्किका माननीय राज्यपाल ओम प्रकाश माथुरले लोसुङ-नामसुङ पर्वको पावन अवसरमा सिक्किमेली जनता विशेष गरी भोटिया-लेप्चा समुदायलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भयो। आफ्नो शुभकामना सन्देशमा माननीय राज्यपालले भन्नुभयो, " लोसुङ-नामसुङ भोटिया र लेप्चा समुदायको प्रमुख पारम्परिक पर्व हो, जुन पर्व बाली काट्ने समय तथा नयाँवर्ष आगमनको प्रतीक हो। यस अवसरमा कृषकहरूले प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्दछन्। यसरीनै मुख्यमन्त्री प्रेम सिंह तामाङले सिक्किमेली भोटिया र लेप्चा समुदायलगायत जनतालाई लोसुङ र नामसुङ पर्वको शुभकामना व्यक्त गर्नुभयो। श्री तामाङले शुभकामना व्यक्त गर्दै भन्नुभयो, "परम्परा र सांस्कृतिक ज्ञानमा गहिरो रूपमा गाँसिएका यी जीवन्त चाडपर्वहरूले बाली काट्ने मौसमको समाप्ति र नयाँ वर्षको आगमनलाई चिन्हित गराउँछ। अनुष्ठान, प्रार्थना र साम्प्रदायिक उत्सवहरूले हाम्रो समाजको लचिलोपन, एकता र आध्यात्मिक समृद्धिको परिभाषालाई प्रतिविम्बित गर्दछन्।" यसैक्रममा सिक्किम विधान सभाकी उपाध्यक्ष राजकुमारी थापाले लोसुङ र नामसुङ पर्वको शुभ अवसरमा सिक्किमका जनतालाई हार्दिक शुभकामना व्यक्त गर्दै यी चाडपर्वहरूले शान्ति, समृद्धि, सुस्वास्थ्य र खुशी ल्याऊन् तथा हाम्रो समाजमा एकता र सद्भावलाई कायम राखुन् भन्नुभयो।

**सिक्किमका राज्यसभा सांसद डीटी लेप्चाले सिक्किममा सामुदायिक रेडियो स्टेशनको स्थिति बारे जानकारी मागे**

भारत सरकारले सिक्किममा सामुदायिक रेडियो स्टेशनहरूलाई सुदृढ पार्ने आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गर्‍यो। सिक्किमका राज्यसभा सांसद दोर्जी छिरिङ लेप्चाको प्रश्नको जवाफ दिँदै सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले भन्नुभयो, "भारतमा सामुदायिक रेडियो आन्दोलनलाई समर्थन" योजना अन्तर्गत सिक्किमबाट विगत पाँच वर्षमा एउटा आवेदन प्राप्त भएको थियो र यसलाई स्वीकृत गरिएको छ। यस योजनाले कार्यशाला, वेबिनार र सरोकारवाला सम्मेलन जस्ता क्षमता निर्माण उपायहरू सहित सामुदायिक रेडियो स्टेशनहरू स्थापना, मर्मत र स्तर उन्नतिका लागि आर्थिक सहयोग प्रदान गर्दछ। यी प्रयासहरूको एउटा भागका रूपमा, नोभेम्बर २०२४ मा गान्तोकमा एउटा कार्यशाला आयोजना गरिएको थियो। अनि, डिसेम्बर २०२५ मा गुवाहाटीमा पूर्वी क्षेत्रका राज्यहरूका लागि एउटा क्षेत्रीय सम्मेलन आयोजना गरिएको थियो। सरकारले सिक्किममा सामुदायिक रेडियो स्टेशन नेटवर्कहरू विस्तार गर्न, दुर्गम र धेरै उचाईका क्षेत्रहरूमा सञ्चारसम्बन्धी पहुँच सुधार गर्ने काम जारी राखेको, डा.मुरुगनले बताउनु भयो।

**"आफ्नो नेतालाई चिन्नुहोस्" कार्यक्रमका लागि सिक्किमबाट प्रतिनिधिको रूपमा एकला लिम्बू चयन**

"आफ्नो नेतालाई चिन्नुहोस्" प्रतिष्ठित कार्यक्रममा सिक्किमलाई एकला लिम्बूले प्रतिनिधित्व गर्ने छन्। आगामी २५ डिसम्बरमा नयाँ दिल्लीको संविधान सदनको केन्द्रीय हलमा "आफ्नो नेतालाई चिन्नुहोस्" प्रतिष्ठित कार्यक्रम आयोजना भइरहेको छ। यो कार्यक्रम भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालय अन्तर्गत स्वायत्त निकाय मेरा युवा भारत (MYB)-द्वारा आयोजना गरिएको हो। पूर्व प्रधानमन्त्री श्री अटल बिहारी वाजपेयी र प्रसिद्ध शिक्षाविद् श्री पंडित मदन मोहन मालवीयको जन्मजयन्तीको अवसरमा यो कार्यक्रम आयोजना गरिरहेको छ। सिक्किमलाई प्रतिनिधित्व गराउन यस कार्यक्रमका लागि एकला लिम्बूलाई चयनित गरिएको छ। यस कार्यक्रमले विभिन्न राज्यबाट छनौट भएका युवा प्रतिनिधिहरूलाई एकै ठाउँमा एकत्रित गरी अन्तरक्रिया, सिकाइ र प्रेरणाका लागि राष्ट्र स्तरमा एउटा महत्वपूर्ण मञ्च प्रदान गर्नेछ।

## विज्ञ दाहाल बने फिल्मफेयर ओटीटी २०२५ अवार्ड विजयता

अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्ध प्रोडक्सन साउन्ड मिक्सर र साउन्ड डिजाइनर विज्ञ दाहालले अमेजन प्राइम सिरिज खौफका लागि फिल्मफेयर ओटीटी २०२५ अवार्ड जितेर सिक्किमलाई गौरवान्वित बनाएका छन्।

## अनिता निरौला पहिलो अपतन साहित्य पुरस्कारले सम्मानित

सिक्किमकी वरिष्ठ पत्रकार एवम् साहित्यकार अनिता निरौला कला साहित्य संथानद्वारा सम्मानित भएकी छन्। कला साहित्य संस्थानले आफ्नो पाँचौँ स्थापना दिवस नाम्ची जिल्लाको खोर्लोङ बिक्मतमा हिजो भव्यतापूर्वक आयोजना गर्यो। यस अवसरमा संस्थानले श्रीमती अनिता निरौलालाई पहिलो अपतन साहित्य पुरस्कार, 2025 ले सम्मान जनाए। श्रीमती निरौलाले प्रत्रकार जगत् तथा नेपाली साहित्यक क्षेत्रमा पुर्याएकी उल्लेखनीय योगदानलाई कदर गर्दै कला साहित्य संस्थानले सम्मान जनाएको हो।

## सिनियर राष्ट्रिय ब्याडमिन्टन टोलीलाई बासले शुभकामनासहित दिए औपचारिक बिदाइ

हिजो सिक्किम ब्याडमिन्टन संघ (BAS) ले सिनियर राष्ट्रिय ब्याडमिन्टन टोलीलाई बिदाइ गर्‍यो। आगामी २२ देखि २८ डिसेम्बरसम्म आन्ध्र प्रदेशको विजयवाडामा राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप आयोजना भइरहेको छ। यस प्रतियोगितामा सहभागिता जनाउनका लागि प्रस्थान गर्ने क्रममा सिनियर राष्ट्रिय ब्याडमिन्टन टोलीलाई बासले औपचारिक बिदाइ गर्‍यो। BAS -का प्रमुख संयोजक डेभिड जी. लिङदोङ र महासचिव श्री सुकान्त दासले खेलाडीहरूलाई विजयका लागि शुभकामना दिए।